नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बाढी पीडितको लागि उपलब्ध गराइने खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/१७ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं सहितको संयुक्त अनुगमन टोलीले खाद्य ब्यबस्था तथा व्यापार कम्पनि लि., नक्खु गोदामबाट भोटेकोशी बाढी पीडितको लागि उपलब्ध गराइने खाद्य पदार्थको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लि., प्रादेशिक कार्यालय बागमती, नक्खु गोदाम | • गोदाममा चरा एवं कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नदेखिएको<br>• स्तरन्नोति (फोर्टीफाइट) गरीएको चामल (ब्याच नं ०४, उत्पादन मिति २०८२/०५/०२) भएको बोरा खोलि भैतिक रुपमा जाँच गर्दा सो मा चामल बाहेकका अन्य बाह्य पदार्थ नरहेको पाइएको<br>• चिनोमा उपभोग्य मिति दुई थरी भएको लेबल विवरण देखिएको। | • गोदाममा कीट एवं चरा नियन्त्रण (परेवा) गर्न उचित व्यवस्था गर्ने<br>• चिनोको लेबल विवरण सच्याएर प्रयोग गर्ने<br>• खाद्य पदार्थको विक्री वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः एक (१) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/१८

# <u>अनुगमनका केहि झलकहरु</u>






